मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पत्र संख्या.:०७७/७८
चलानी नं.:
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल।
www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

## सेवा करारमा प्राविधिक कर्मचारी पदपूर्ति सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/१२/१०**

प्रस्तुत विषयमा यस मायादेवी गाउँपालिकाको कार्यपालिकाको मिति २०७७/११/२६ गतेको निर्णयानुसार यस पालिकाको कृषि सेवा शाखा अन्तर्गत तपसिल बमोजिमका पदहरू सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग भए बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ र साथै दरखास्त फारम यस कार्यालयद्वारा वा यस कार्यालयको बेवसाईट www.mayadevimunkapilvastu.gov.np वाट समेत डाउनलोड गर्न सकिनेछ।

**तपसिलः-**

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १५/०७७/०७८ | अधिकृत | कृषि | अधिकृत स्तर छैठौं | १ (एक) | १०००।- | |
| २. | १६/०७७/०७८ | ना.प्रा.स. | कृषि | सहायकस्तर चौथो | १ (एक) | ५००।- | |

**आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभवः**

१. अधिकृत पदको लागी मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विज्ञान विषय लिई स्नातक तह उर्त्तिण गरेको हुनुपर्ने।

२. ना.प्रा.स. पदको लागी मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विज्ञान विषय लिई टि.एस.एल.सी. वा कृषि जे.टी.ए. कोर्ष वा सो सरह उर्त्तिण गरेको हुनुपर्ने।

**दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाल बाहिरको शैक्षिक योग्यता भए नेपालको विश्वविद्यालयवाट लिईएको समकक्षता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानुन बमोजिम सम्बन्धित काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने।

**उमेरः** दरखास्त दिने अन्तिम मिति सम्म पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

**परिक्षाको किसिमः** मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ मा भएको व्यवस्था बमोजिम हुनेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७/१२/२४ गते कार्यालय समय भित्र, अन्तिम दिन कार्यालय विदा भएमा भोलीपल्टा कार्यालय खुल्ने समयभित्र।

**सम्पर्क मितिः** २०७७/१२/२५ गते।

**दरखास्त दिने स्थानः** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु।

**तलब स्केलः** करार सम्झौता बमोजिम।

कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**